# नेपाल ख्रीष्टियन हेराल्ड

# NEPAL CHRISTIAN HERALD






**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 20 No 2 Monthly International Edition of Herald of His Coming February 2019

वर्ष २०, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (फागुन, २०७५)


# पश्चाताप गर र परमेश्वरलाई खोज

## Repent and Seek the Loard

**By W.C. Moore**

Vol 77 No. 6 (917)

खोज त परमेश्वरलाई मेट्टाउने छौ । बाइबलले मत्तीको पुस्तकमा यसरी भन्दछ,"तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिने छन् ।"(मत्ती ६ :३३० "आफ्ना निम्ति धार्मिकताको बिउ रोप र अचुक प्रेमको कटानी गर । तिमीहरूको बाझोवारी जोत किनकि परमप्रभुलाई खोज्ने समय अहिले हो। जबसम्म उहाँ आएर तिमीहरूमाथी धार्मिकताको दृष्टि खन्याउनुहुन्छ।"(होशे १० : १२) "येशूले तिनीहरूलाई जवाफ दिई भन्नु भयो, जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ र मेरो पिताले त्यसलाई प्रेम गर्नुहुनेछ र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं ।" (यूहन्ना १४:२३)

यदि परमेश्वरको आज्ञा हामीले पालना गर्दैनौ भने हामी उहाँलाई प्रेम गरेका हुँदैनौ । येशू आफैले यो कुरा गर्नु भएको हो । "कसैले प्रभुलाई प्रेम गर्दैन भने त्यो श्रापित होस् । हे हाम्रा प्रभु आउनुहोस् !" (१ कोरिन्थी १६ :२२) परमेश्वरको न्यायको दिनमा मानिसहरू अचम्बित हुनेछन् । "मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्ने छन्, प्रभु प्रभु के हामीले तपाईंको नाउँमा अगमबाणी बोलेनौं !? तपाईंको नाउँमा भूतहरू धपाएनौं । र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौ र ? अनि म तिनिहरूलाई सफासँग भन्नेछु मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन । ए अर्धम काम गर्नेहरू हो मबाट दूर होओ ।" (मत्ती ७ : २१ - २३) धेरै मानिसले परमेश्वरको राज्यमा प्रवेश गर्न पाउने छनन् । (लुका १३ : २३ - ३०)

परमेश्वरले मजाक गर्नुहुँदैन उहाँ जे बोल्नुहुन्छ त्यो गर्नुहुन्छ ।"धोकामा नपर परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटानी पनि गर्नेछ ।" (गलाती ६ : ७) असल जीवन जीएर आफ्ना आखाहरू पर्वततिर उठाउनुहोस परमेश्वरबाट गुहार मिल्नेछ । हरेक जसले परमेश्वरको असल कार्य गर्दछ र उहाँलाई महिमा दिन्छ । त्यसले परमेश्वरलाई देखेको हुन्छ (१ कोरिन्थी १० : ३१) यदि तपाईंले परमेश्वरलाई विर्सनुभयो भने तपाईं उहाँको असल चेला बन्न सक्नु हुँदैन (लुका १४ :३३) यो चाहि तपाईंको हातमा छ तपाईंले तपाईंको शरीरलाई जीउँदो बलिदानको रुमपा प्रभुमा अर्पण गर्ने कि नगर्ने बाइबलले त जीउँदो बलिको रुमपा अर्पण गर, भन्दछ । (रोमी १२ : १) परमेश्वरसँग दयालु र प्रेमिलो हुँदै नम्र भएर जीउनुहोस् (मीका ६ : ८) वेठिक काम गर्नेहरू जस्तै : अनैतिकहरू मुर्तिपूजकहरू, व्यभिचारीहरू समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू लोभीहरू मतवालाहरू, निन्दा गर्नेहरू लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुने छैनन् । (१ कोरिन्थी ६ : ९-१०)"तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यसँग व्यविचार गरिसकेको हुन्छ । यदि तिम्रो दाहिने आखाले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनु भन्दा बरु तिम्रो अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ती हितकारि हुन्छ ।" (मत्ती ५:२८ - २९)

यदि तपाईंसँग कोही सँगै काम गर्ने

साथीहरू जलाउने वा डाहा गराउने प्रकारका छन् भने, त्यस्तो साथीलाई छोडिदिनोहोस् ।" किनभने मानिसले सारा जगत हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हून्छ ?" ( मर्कूश ८ : ३६) त्यसकारण कोही पनि परमेश्वर र हाम्रो विचमा खडा नहोस् । "जसले मलाई भन्दा बढी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन । जसले मलाई भन्दा बढी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरा योग्यको हुँदैन ।" (मत्ती १० : ३६)

तपाईंलाई के गर्दा असल लाग्छ त्यो नगर्नुहोस् तर सधै विचार गर्नुहोस् कि कसरी बढी भन्दा बढी परमेश्वरलाई महिमा दिन सक्नुहुन्छ त्यो गर्नुहोस् । आफैले आफैलाई त्याग्नुहोस् कसरी खीष्टको महिमा गर्न सक्नुहुन्छ त्यो गर्नुहोस् । विचार गर्नुहोस्, कसरी अरूको निम्ति तपाई येशूले जस्तो गर्न सक्नुहुन्छ खोजी गर्नुहोस् । उहाँको क्रूस बोकेर हिँड्न तयार हुनुहोस् (मत्ती १६ : २४) न्यायको दिनमा सिंहासनको अगाडि उभिदा मुकुटको योग्य बन्ने कोशिस गर्नुहोस् ( रोमी १४ : १०-१२) सधै तयार रहनुहोस् "त्यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ ।" (मत्ती २४ : ४४० "जे म तिमीहरूलाई भन्दछु त्यो सबैलाई भन्दछु जागा रहो ।" (मर्कूस १३ : ३७) "तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग विलास, मतवाल र जीवनको फिक्रिले तिमीहरूको मन दविएला, र तिमीहरू माथि एक्कासी त्यो दिन पासो झैं आइपर्ला ।" (लुका, २१ : ३४) "तिमीहरूले पनि धैर्य धारण गर । आफ्नो हृदयलाई स्थिर गराओ किनकि परमप्रभुको आगमन नजिकै छ ।" (याकूव ५ :८)

यो छिट्टै हुन जादैछ जस्तै देखिन्छ, जो मानिसले उहाँको आज्ञामा रहेर पर्खनेछ तिनीहरूलाई परमेश्वरले सहायता गर्नुहुनेछ । "यसकारण भाइ हो तिमीहरूको वोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नलाई तिमीहरू कहिल्यै लेख्ने छैनौं ।" (२ पत्रुस १ : १०) "अब जसले तिमीहरूलाई पापमा फस्न देखी वचाउन सक्नुहुन्छ र जसले तिमीहरूलाई आनन्दसित उहाँकै महिमाको सामने निष्कलङक प्रस्तुत गर्न सक्नुहुन्छ, उही एकमात्र परमेश्वर हाम्रा मुक्तिदालाई येशू खीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग युग पहिले देखी आज र सदासर्वदा भइरहोस आमेन ।" ( यहूदा २४ - २५)

त्यसैले परमेश्वरको राज्य पहिला खोजी गर त्यसपछि उहाँको धार्मिकता परमेश्वरको पुत्रले येशूले ठूला ठूला कुरा गर्नु भएन । हाम्रो कमा उहाँलाई प्रेम गर्नु र उहाँको आराधना गर्नु हो । संसारमा रहेर संसारको जस्तो होइन त्यो भन्दा भिन्दै भएर अगाडि बढ । पृथ्वीका कुरामा मन नलागाओ तर माथीका कुरामा मन लगाओ । (कलस्सी ३ : २) "तर वचन पालन गर्ने होओ र सुन्नेमात्र भएर आफैलाई धोका नदेओ ।" (याकूब १ :१२) "लै ल तिनिहरूका निम्ति प्रेमको गीत गाउने सुरिलो सोर भएको गायक होस् जो राम्रो सित बाजा वजाउँदछ तैले भनेको कुरा तिनीहरूले सुन्छन् तर ति वोमजिम गर्दैनन् ।" (इजकिएल ३३ - ३२)

त्यसैले आफैले आफैलाई विचार गर्नुहोस् "तर हामी सोच्दै आफैले आफैलाई जाचेका छौ भने हामी न्यायमा पनि छैनौं ।" (१ कोरिन्थी ११ : ३१) हाम्रो बिचको समस्या भनेको हामीले आफूलाई बाहेक अरू सबैको न्याय गरेका हुन्छौ परमेश्वरले हामीलाई आफ्नो वचनद्वारा जागृति दिन चाहानुहुन्छ, तर हामी त्यसको लागि तयार भएका हुँदैनौं । "तर मालिकको इच्छा नजाने पिटाई खाने योग्यको काम गर्नेले थोरै पिटाई खानेछ । प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिने छ हरेक जसलाई धेरै सुम्पिएको छ त्यसबाट अझ बढी लिइने छ ।" (लुका १२ :४८) हामीले जब मानिस भेट्दछौ तब परमेश्वरको प्रचार प्रसार भन्दा पनि अरूको कुरा काटेर बसिरहेका हुन्छौ । तर बाइबलले भन्दछ कि, "अरूलाई दोषी नठहराओ र तिमीहरूपनि दोषी ठहराइने छैनौ ।" (मत्ती ७ : १) "अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिने छैन । अरूलाई दोषी नठहराओ र तिमीहरू दोषी ठहराइने छैनौ । क्षमा गर तिमीहरूलाई पनि क्षमा गरिनेछ ।" (लुका ६ : ३७) "अन्तमा तिमीहरू सबैमा आत्माको एकता राख, एउटाले अर्कोलाई साहनुभूति देखाओ, मातृप्रेम गर, कोमल हृदयका हो ओ र नम्र मनका होओ ।" ( १पत्रुस ३ :८)

त्यसैले प्रियमित्र हो आउनुहोस हामी सबै मिलेर पश्चाताप गर्दै उहाँको दोस्रो आगमन सम्म पर्खिवसौं । "धिक्कार तिमीहरूलाई जो सियोनमा निर्धक्क रहन्छौ, र तिमीहरूलाई जो सामरियाको डोडामा आफु सुरक्षित ठान्छौं । तिमीहरू प्रथम जातिका ख्याति प्राप्त भएका मानिसहरू जसकहो इस्राएलका मानिसहरू आउँदछन् ।" (आमोस ६ :१) "किनकि तिमीहरू मन तातो छौ, न चिसो न तातो, यसकारण म तिमीहरूलाई मेरो मुखबाट उकालिदिनेछु ।" (प्रकाश ३ :१६) त्यसैले यो समय परमेश्वरको राज्यको खोजी गर्ने समय हो पहिला परमेश्वरको राज्यको खोजी गरौ त्यसपछि उहाँको धार्मिकता त्यसपछि सबै थोक, थपिने छन् ती सबै हामीलाई हुनेछ ।

# विश्वासको धैर्यता

## The Patience of Faith

– By C. Judd Montgomery

Vol 77 No. 2 (914)

"परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ " । (हिब्रु १० :३६)

"र यसरी धैर्य धारण गरेर अब्राहामले प्रतिज्ञा प्राप्त गरे ।"(हिब्रू ६ : १५)

उहाँको प्रतिज्ञाहरू पुरा हुनको लागि प्रेमसाथ धैर्यतामा परमेश्वरलाई प्रतीक्षा गर्नेहरूलाई बाइबलमा एउटा विशेष आशिष घोषणा गरिएको छ । संसारलाई जित्ने विश्वास हुनु कति आवश्यक छ भन्ने कुरा हामी सबैलाई थाहा छ ।

सायद हुनसक्छ हामी ठूलो विश्वास साथ प्रार्थना गर्छौं, त्यसपछि उहाँको सुन्दर धैर्यतालाई हाम्रो जीवनमा काम गर्न दिन परमेश्वरले हाम्रो विश्वासलाई जाँच्नुहुन्छ, त्यसपछि तुरुन्तै हामी गनगन गर्छौं र हाम्रो विश्वास डगमगिन अनुमित दिन्छौं ।

विश्वासद्वारा प्राचीन समयका सन्तहरूले प्रतिज्ञाहरूका हकदार बने र हामीलाई "तिनीहरूका अनुकरण" गर्नेहरू बन्न उत्साह दिइएको छ (हिब्रू ६ :१२) वचनमा अभिलिखित अब्राहमको महान विश्वास हाम्रो शङ्कालु हृदयको निम्ति एउटा आश्चर्यपूर्ण कुरा हो, तर अब्राहमको विश्वासको अचम्मलाग्दो धैर्यताको बारेमा हामीले कहिल्यै सोचेको छौं ? धैर्यपूर्वक प्रतीक्षा गरिसकेपछि उनले प्रतिज्ञाको पूर्णता प्राप्त गरे । परमेश्वरको हृदयपछिको मान्छे दाउदलाई परमेश्वरमाथि प्रतीक्षा गर्ने सम्बन्धमा परमेश्वरको आत्माद्वारा आशिषित रूपमा सिकाइएको थियो । उनी बारम्बार उनको मुक्तिको चट्टानमाथि भएको उनको धैर्यपुर्ण भरोसाको घोषणा गर्छन्, जस्तो उनले यी शब्दहरूमा भन्दछन् :

"मेरो प्राणले परमेश्वरमा मात्र प्रतीक्षा गर्छ, उहाँबाट नै मेरो उद्धार आउँछ । ... हे मेरो प्राण, परमेश्वरमा मात्र प्रतीक्षा गर । मेरो आशा उहाँबाटै आउँछ" (भजन ६२ :१, ५) ।"हाम्रो प्राणले परमप्रभुको प्रतीक्षा गर्छ, उहाँ नै हाम्रो सहायता र हाम्रो ढाल हुनुहुन्छ" (भजन ३३ : २०) । "परमप्रभुको प्रतीक्षा गर्छु मेरो प्राणले प्रतीक्षा गर्छ, अनि उहाँको वचनमा म आशा राख्दछु । पालेले बिहानको प्रतीक्षा गरेको भन्दा बढी मेरो प्राणले परमप्रभुको प्रतीक्षा गर्छ ।" (भजन १३० : ५, ६० ।"मलाई अझ पनि विश्वास छ कि जीवितहरूको देशमा परमप्रभुको उत्तमता म देख्नेछु । परमप्रभुको प्रतीक्षा गर । बलिया होऊ, र तिम्रो हृदय साहसिलो होस, र परमभप्रुके प्रतीक्षा गर" (भजन २७ : १३ - १४) । "मैले धैर्य साथ परमप्रभुको प्रतीक्षा गरे, उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो पुकार सुन्नुभयो ।" (भजन ४० : १)

धेरै प्राणहरू थकित भएका छन् जसको प्रार्थनाहरू सुनुवाई नभइकनै परमेश्वरको सिंहासनबाट फर्किएका जस्तो देखिन्छ, जसको आशाहरू मरेर हृदयमा बिरामी परेका छन्, अनि जो इस्राएलको हतोत्साहित राजाजस्तै,"अब परमप्रभुको प्रतीक्षा मैले किन गरिरहने ? (२२ राजाहरू ६ : ३३)" भन्नको लागि लगभग तयार भइसकेका छन् ।

त्यसोभए हे हतोत्साहित भएका प्रियहरू हो, के तपाईको अधीर सङ्घर्षहरूलाई रोकेर, र तपाईंहरूको बिन्तीहरू येशूको नाममा प्रस्तुत गरेर, विश्वासको मीठो धैर्यतामा विश्राम लिनु र कृपाआसनको अगाडि शान्त आशामा प्रतीक्षा गर्नुहुन्न ?

तपाईंको विश्वासको जाँचले धैर्यता उत्पन्न गराउँछ, र प्रतीक्षाको समयले पिताको महिमाको निम्ति बहुमुल्य फल फलाइरहेको हुन्छ ।

शरीरको बिरामी र कमजोरीमा "जीवितहरूको देशमा परमप्रभुको उत्तमता" खोज्नेहरूलाई शान्ति र शक्तिमा यो स्मरणहोस् कि "परमप्रभुको प्रतीक्षा गर्नेहरूको बल फेरि नयाँ हुनेछ ।"र तिनीहरूको पहिलेको बल फिर्ता मात्रै आउने छैन तर परमेश्वरको आत्माद्वारा तिनीहरूको मरणशील शरीरले जीवन पाएर, तिनीहरूले जीवनको पूर्णता अनुभव गर्नेछन् जो "गरुडझैं माथि माथि उड्ने छन् "र जसले तिनीहरूलाई "दगुरेर पनि नथाक्न" र "हिंडेर पनि मुर्च्छा नपर्न" योग्य बनाउनेछ (यशैया ४० : ३१) परमेश्वरमाथिको यो शान्त प्रतीक्षा, उहाँको प्रतिज्ञाको पुर्णताको प्रकटीकरणको लागि ख्रीष्टले पहिले नै

सिद्धयाउनुभएको कार्यलाई घोषणा गर्ने त्यस सक्रिय विश्वासँग परस्परमा बाझिने छैन ।

विश्वासपूर्ण धैर्यताको निमित्त हामीलाई उत्साह दिइँदै गर्दा अविश्वासको सुस्तपनाविरुद्ध हामीलाई चेतावनी दिइएको छ । "...तिमीहरू सुस्त नहोओ तर तिनीहरूको अनुकरण गर्ने बन जसले विश्वास र धैर्यताद्वारा प्रतिज्ञाका हकदार बने" (हिब्रू ६ : १२)

प्राचीन समयका परमेश्वरका योद्धाहरूमध्ये एकले जस्तै विश्वासको यस असल लडाँइमा हामीले पनि यसो भन्नुपर्छ, "...हे परमप्रभु हाम्रा परमेश्वर, हाम्रो सहायता गर्नुहोस् किनभने हामी तपाईंमाथि भर परेका छौं । हामी तपाईंकै नाउँमा यस ठूलो सेनाको विरुद्धमा सामना गर्न आएका छौं ..." (२ इतिहास १४ : ११)

"...यसकारण तिमीहरूमाथि अनुग्रह गर्न परमप्रभु प्रतीक्षा गर्नुहुनेछ ... तिनीहरू सबै धन्यका हुन् जसले उहाँको प्रतीक्षा गर्छन् ।"(यशैया ३० :१८)

**कष्टको आशिष**

एउटी कनानी स्त्री उनको छोरीलाई सहायता गर्न हाम्रा प्रभुलाई पुकार्दछिन् । उनी भन्छिन्, "हे प्रभु, दाउदका पुत्र, ममाथि दया गनुहोस् ।" (मत्ती १५ :२१ - २८ हेर्नुहोस् ) ।

त्यस कनानी स्त्री बिना कुनै शङ्का ठूलो पिडामा परेकी थिइन् । उनले आफ्नी प्रिय छोरी भूतले सताइएको देखेकी थिइन् र उनलाई छुटकारा दिलाउन असमर्थ थिइन् । तर पनि त्यस समस्याले उनलाई ख्रीष्टमा ल्यायो र उनलाई प्रार्थना गर्न सिकायो । त्यस्तो नभएको भए उनी असावधानीपुर्ण अनभिज्ञतामै जिएर मर्न सक्दथिइन र येशूलाई कहिल्यै नदेख्न पनि सक्दथिन् । उनी त्यस पिडामा पर्नु निश्चयनै उनको लागि असल थियो । ( भजन ११९ : ७१)

यसलाई अझै राम्रो सँग बुझौं । समस्याहरूमा हामीले देखाउने अधैर्यता जति अनिभिज्ञता अरू केही छैन । हरेक क्रुसको कठिनाइ अन्त्यमा हामीलाई मलाई नै गर्ने उद्देश्यले दिइएको परमेश्वरको सन्देश हो भन्ने कुरा हामी बिर्सन्छौं । जाँचहरूको उद्देश्य हामीलाई सोच्ने बनाउनु, हामीलाई सांसारिकताबाट छुटाउनु, हामीलाई बाइबलतर्फ लैजानु, हामीलाई हाम्रो घँडामा डोऱ्याउनु हो । स्वास्थ्य असल कुरा हो तर यदि यसले हामीलाई परमेश्वरमा डोऱ्याउँछ भने रोग-बिमार झनै असल कुरा हो । सम्पन्न हुनु ठूलो दया हो तर यदि यसले हामीलाई ख्रीष्टमा लैजान्छ भने गरिबी झनै ठूलो दया हो । असावधानीमा जिएर पापमै मर्नुभन्दा अरू नै थोक धेरै नै असल कुरा हो । मुर्ख धनी मानिस जस्तो सुखमा जिएर अन्तिममा ख्रीष्ट बिना र आशाबिना मर्नुभन्दा त्यस कनानी आमाजस्तै पिडित हुनु र उनी जस्तै ख्रीष्टको शरणमा जानु हजार गुणा असल कुरा हो (लुका १२ :२०) ।

**प्रार्थनामा दृढ रहनुहोस्**

हामी आफ्नै लागि अरूको लागि पनि प्रार्थनामा दृढ रहनु भन्नुभन्दा ठूलो उत्साह अरू कुनै छैन । यस सत्यताको विषयमा यस खण्डमा भएको उदाहरणभन्दा अझै असल उदाहरणको बारेमा सोच्न सकिदैन । पिडामा परेकी यस आमाको प्रार्थनालाई शुरुमा पुर्ण रूपमा ध्यान नदिइएको जस्तो देखिन्छ : येशूले"त्यसलाई केही जवाफ दिनुभएन ।" यद्यपि उनले बिन्ती गरिनै रहिन् । हाम्रा प्रभुको मुखबाट निस्किएको जवाफ निराश पार्ने खालको सुन्निछ : "म इस्राएल जातिका हराएका भेडाहरूका निम्ति मात्र पठाइएको हुँ ।" उनले अझै बिन्ती गरिन् : "हे प्रभु मलाई सहायता गर्नुहोस् ।" हाम्रा प्रभुको जवाफ पहिलो भन्दा पनि अझै निराश पार्ने खालको थियो : "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक होइन ।" आशा बिलम्ब भए पनि उनको मन मरेन (हितोपदेश : १३ :१२) । त्यसपछि पनि उनी चुप लागिनन् । त्यसपछि पनि उनलाई दयाको टुक्राटुक्री भए पनि दिइयोस् भनेर बिन्ती गरिन् । र उनको बिन्तीले एउटा ठूलो अनुग्रहपूर्ण इनाम प्राप्त गऱ्यो ।"ए नारी, तिम्रो विश्वास ठुलो रहेछ । तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस् ।" "...खोज त तिमीहरूले भेट्टाउनेछौ ..."(मत्ती ७ : ७) भन्ने प्रतिज्ञा कहिल्यै तोडिएको थिएन ।

जब हामी आफ्नै निम्ति प्रार्थना गर्छौ तब हामी यो इतिहासलाई स्मरण गरौं । हामी कहिलेकाहीँ हाम्रो प्रार्थनाहरूद्वारा हामीले केही पनि असल कुरा प्राप्त गर्न सक्दैनौं र हामीले प्रार्थन ागर्न छोडिदिनुपर्छ भन्ने सोचद्वारा परीक्षित हुन्छौ । त्यसैले त्यस्तो परीक्षाको प्रतिरोध गरौं । यस्तो सोच दुष्टबाट आउँछ । हामी विश्वास गरौं र प्रार्थना गरिरहौं । हामीलाई हानि पुऱ्याउने हाम्रा पापहरूको विरुद्ध, यस संसारको आत्माको विरुद्ध, दुष्टको छलकपटहरू विरुद्ध, हरेक कष्टमा सान्त्वनाको निम्ति निरन्तर प्रार्थना गरिरहौं । हामीले हरेक दिन हाम्रो घँडामा रहेर बिताएका

समयहरूभन्दा असल समय अरू कुनै हुँदैन भन्ने कुरामा हामी निश्चित बनौं । येशूले हामीलाई सुन्नुहुन्छ र उहाँको आफ्नै असल समयमा जवाफ दिनुहुन्छ ।

**अरूको निम्ति पनि निवेदन गर्नुहोस्**

जब हामी अरूको निम्ति निवेदन गर्छौं तब हामी यस इतिहासलाई स्मरण गरौं के हाम्रा बालबच्चाहरू प्रभुमा परिवर्तन भएको हामी चाहन्छौं ? के हाम्रा आफन्तहरू र मित्रहरूको मुक्तिको बारेमा हामी चिन्तित छौं ? हामी पनि यस कनानी स्त्रीको उदाहरण पछ्याऔं र तिनीहरूको प्राणको अवस्थालाई खीष्टको अघि राखौं । उनीहरूको नामलाई उहाँको अगाडि दिनरात उच्चारण गरिरहौं, र हामीले कुनै जवाफ नपाएसम्म चुप नबसौं । हामीले धेरै वर्षहरू सम्म प्रतीक्षा गर्नुपर्ने हुनसक्छ । हामीले व्यर्थमा प्रार्थना गरिरहेको र फाइदाबिना निवदेन गरिरहेको जस्तो लाग्न पनि सक्छ । तर पनि हामी प्रार्थना गर्न नछोडौ । येशू बदलिनुभएको छैन र जसले त्यस कनानी आमाको बिन्ती सुन्नुभयो र उनको अनुरोध अनुसार उनलाई दिनुभयो, हामीलाई पनि सुन्नुहुनेछ र एकदिन शान्तिको जवाफ दिनुहुनेछ भनेर विश्वास गरौं ।

# विश्वासको काममा प्रशंसा

तपाइले कहिल्यै यस किसिमले विचार गर्नुभएको छ, कि जब तपाइले परमेश्वरलाई प्रंशसा गर्नुहुन्छ उहाँले तपाईंको विश्वासलाई गुणात्मक वृद्धि गर्नुभएको ? कुनै बेला त्यस्तो पनि समय हुन आउन सक्छ जहाँ अन्तरिविन्ति प्रार्थना भन्दा पनि प्रशंसा महत्वपूर्ण हुन्छ । प्रशंसाले तपाईंलाई समस्याहरूबाट माथि तिर हेर्न सहायता गर्दछ जहाँ तपाईंको सर्वशक्तिमान पिता राज्य गर्नु हुन्छ । कुनै परिस्थितिहरू अथवा समस्याहरू परमेश्वरको अनुमति विना आउन सक्दैन् । तर परमेश्वरले त्यस समस्याबाट तपाइको जीवनमा सङ्गै छुट्टै नापमा परमेश्वरको महिमा हुने काम गर्न चाहानु हुन्छ र त्यो तपाइको भलाइको लागि हुन्छ ।

प्रशंसाले तपाईंको आखालाई विजयतिर डोर्‍याउँछ लडाइको समयमा विजय प्राप्त गर्नुहुनेछ कारण येशू, पहिल्यै विजय भइसक्नु भएको छ । "तपाइले सब थोक तिनका चरनमुनि राखिदिनु भयो ।" मानिसको अधिनमा सब थोक राख्नुहुँदा तिनको अधिनबाहिर केहि रहन दिनुभएन । तर यस वर्तमान समयमा सब थोक मानिसको अधीनमा भएको हामी देख्दैनौं ।" (हिब्रू २ : ८) ( एफिसि १ :२२) जब तपाईंलाई विश्वासको अभाव हुन्छ त्यहाँ तपाईंको निम्ति दुइओटा तहहरू छन् :परमेश्वरको वचनमा हिँड्नु र उहाँलाई प्रसंसा गर्नु । जस्तै हाइट्रोजन र अक्सिजन मलेर पनि बन्छ त्यसरिनै यि दुई कुराहरू सङगसँगै मिले जान्छन् । नडराउनुहोस् चिन्ता नलिनोहोस के परमेश्वरको प्रशंसा गर्न तपाइलाई विश्वासको आवश्यकता छ ? परमप्रभुको प्रशंसा गर ।

**प्रशंसा आराधना हो**

तपाईंको विश्वासलाई गुणात्मक गर्नुभएको जो हाम्रो उद्धारक हुनुहुन्छ । उहाँको शक्ति र असल कार्यको प्रशंसा गरौ उहाँको सबै कार्यको घोषणा गरौं उहाँ नै सबै प्रशंसाको योग्य हुनुहुन्छ । आउनुहोस् उहाँको प्रशंसा गरौं । यदि तपाईं आफ्ना आत्मामा शक्तिको अनुभव गर्न चाहानुहुन्छ भने परमेश्वरको प्रशंसा गर्न सुरु गर्नुहोस् । परमेश्वरको वचनले भन्दछ । हाम्रो हृदयको संगितले उहाँलाई खुसि पार्दछ । यदि हामी खीष्टियनहरूले परमेश्वरको प्रशंसाको गीतहरू गाएनौ भने हामीले उहाँलाई दुःखी तुलाई रहेको हुन्छौं । "उहाँको भवनका द्वारहरूमित्र धन्यवादसाथ यस र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर" (भजनसंग्रह १०० : ४) पवित्र आत्माका सबै अनुग्रहले हृदयलाई अझ धेरै खुसि बनाउँछ ।

जब परमेश्वरले आत्मामा नयाँ संकट आजको पाउनुहुन्छ तब उहाँले भन्ने नसकिने उहाँको आन्नद ल्याउनुहुन्छ । नयाँ शक्ति अनि महिमाको हुवाई र प्रशंसाचाँहि अपरिहार्य र यो चाहिँ फोहोरलाई पानीले वगाउने शक्ति जस्तै हो । जब परमेश्वरको प्रेमिलो मुहारलाई वादलले छेकेजस्तै जीवनमा अन्धकार आउँदछ तब प्रशंसाले चाहिँ ती कालो बादललाई चाँडो-चाँडो हटाएर फेरि पूणं चुहाओट भइरहेको छ ? अब तपाईंकका हुनुहोस् कुनै लुकेका पापहरू तपाईंमा छैनन् भनेर र प्रशंसा गर्न सुरु गर्नुहोस् । परमप्रभुको प्रशंसा गर ।

के तपाईंले कहिल्यै याद गर्नुभएको छ तपाईंले प्रंशसा नगरेको कारणले गर्दा तपाईंको प्रार्थनाको सुनाइ नभएको ? त्यस्तै के तपाईंले याद गर्नुभएको छ उपवास र प्रशंसाको शक्तिलाई ? के तपाईंलाई थाहा छ प्रशंसाको शक्तिले धेरै शरीरहरू चंगाइ

भएको ? दुष्टहरू मागेको, अशान्ति हृदयमा शान्ति भएको, त्यसैले परमेश्वरको प्रशंसा गर्नुहोस् ।

के तपाईले कहिल्यै देख्नुभएको छ, तपाईंको प्रशसाको हतियारले असम्भव कुराहरू पनि सम्भव भएको र अचम्मको कामहरू भएको, आहो, संघर्ष गर्न परमेश्वरमा भोको हृदय, ओ अन्धकारमा लडाईं गर्नेहरू परमेश्वरको शान्ति खोज्नेहरू ओ, प्रार्थना गर्ने योद्धाहरू यो परमेश्वरको सन्देश तपाईंहरूलाई छ, अब प्रशंसा गर्न परमेश्वरति हेर्नुहोस् । प्रशंसा गर हामीले हाम्रो जीवनमा प्रार्थनामा विभिन्न किसिमको समस्याहरू पाइरहेको हुन्छौं र त्यसलाई हामीले कसरि हेरिरहेका छौं । युद्धमा हिँड्दा हामी विश्वास र प्रशंसासाथ हिँड्नु पर्दैन र ? मेरो प्रिय खिस्टियन दाजुभाई दिनिबहिनी अझै धेरै प्रशंसा गर्न सुरु गरौ । प्रशंसाले सोचाइलाई र व्यक्ति वा वस्तुलाई परिवर्तन गर्छ र प्रशंसाले तपाईंलाई रूपान्तरण गर्दछ ।

जुन समय तपाईले परमेश्वरमा गहिरो बलिदान र प्रशंसा चडाउनुहुन्छ त्यस समय तपाईंको आखामा आशुँहरू आउन थाल्नेछन् र त्यहाँ हामी सबैले भन्न सक्नेछौं "परमप्रभुले दिनुभयो अनि परमप्रभुले दुःखमा पनि परमेश्वरको प्रशंसा गर्छौं । त्यो भन्दा सुगन्धित वास्ना र स्वर्गमुनि त्यो भन्दा अमुल्य अरू कुनै मिठो धुन हुँदैन । कतै कुरा हैन, कुनै शंका छैन आज तपाईले भोग्नुभएको दुःख कष्ट तपाईंको इच्छाले भएको होइन । तपाई उहाँलाई माथि हेर्नुहोस् र प्रशंसा गर्नुहोस् ।

**प्रशंसा स्वर्गको भाषा हो**

प्रशंसा चाहि सबैभन्दा मिठो र पवित्र स्पसी हुनेछ । प्रसंसाले तपाईंको आन्दको घण्टी बजाउने छ । स्वर्गले तपाईंले गपको कोरषमा सहभागि भएको र तपाईंको हृदयमा स्वर्गीय छवाइ भएको महशुस हुन्छ । प्रशंसाले अन्धकारलाई हिँड्दछ र शैतानको हृदयमा डाइनोमाइटले आक्रमण गरेजस्तै त्यसको हृदय आतङ्कित बनाउँछ ।

यदि हामीले परमेश्वरलाई थौरै प्रशंसा गरेको छौ भने अझ धेरै प्रशंसा गरौ । अझ धेरै उहाँलाई प्रशंसा गरौ । यदि हामीले उहाँलाई हाम्रो पुरानो समयमा मात्र प्रशंसा गरेका छौ भने आउनुहोस अहिलेदेखि नै उहाँलाई प्रशंसा गर्न सुरु गरौ । आफ्नो आखा उहाँतिर उठाए र प्रशंसा गर्न सुरु गरौ ।

# मुक्तिका पाइला

*'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । '*

*दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार खीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।*

*'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।*

*... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१)* HHC, Vol 67 No. 9 (801)

# हामी विश्वासीहरूले बोल्न र गर्न नहुने कुराहरू

१. **परमेश्वरको नाउँ व्यर्थैमा नलिनू:**
प्रस्थान २०:७ उपदेश ५:१-७

२. **पवित्र आत्माको विरुद्ध नबोल्नू:**
प्रस्थान २३:२० -२७ मती १२:३१-३२ लुका १२:१०
मर्कूस ३:२८-२९

३. **परमेश्वरको अभिषिक्त जनको विरुद्ध नबोल्नु :**
भजनसङ्ह १०५:१५, २:२-२, २०:६
उत्पत्ति २०:३-७ १ इतिहास १६:२२
१ शमूएल २६:७-११, २४:३-१३,
१२:३-५, १९:१०, १८:११-१५, २६:२५
२ शमूएल १:१४ गन्ती १२:१-१३, १४:६, १६:१-५०, २१:४-९

४. **झुठा देवताहरूको नाउँ उच्चारण नगर्नू**
प्रस्थान २३:१३ प्रस्थान २०:१६ एफिसी ५:३-५

५. **इस्रांएलको विरुद्ध नबोल्नू:**
उत्पति १२:२-३ गन्ती २३:८, २१, २३

६. **आफ्नो भाइको विरुद्धमा नबोल्नु**
याकूब ४:११-१२ लेवी १९:११ १८ प्रस्थान २३:१-२
हितोपदेश २४:२८

७. **शासकको विरुद्धमा नबोल्नू:**
प्रस्थान २२:२८ प्ररित २३:५

८. **आफ्नो प्रशंसा आफैले नगर्नू:**
२ कोरिन्थी १०:१८ रोमी २:१-४, २९
हितोपदेश २७:२, ३०:३२-३३, २५:२७

९. **गोप्यता भङ्ग नगर्नू:**
हितोपदेश २५:९, ११:१३ लेवी १९:१६-१८

१०. **आफ्ले नजानेको कुरा नबोल्नू:**
यहूदा १:८, १० उपदेश ५:७ याकूब ३:१-२
२ तिमोथी २:१४-१७

११. **आफूले पालना नगरेका कुरा नबोल्नू:**
रोमी १५:१४-२१ मत्ती ५:१७-२०, २३:१-७
प्ररित २०:३२ १ तिमाथी १:६-७ १ कोरिन्थी २:१-५

१२. **झूट नबोल्नू:**
प्रस्थान २०:१६अय्यूव २७:३-४ व्यवस्था ५:२०
कलस्सी ३:९ १ पत्रुस ३:१० यूहन्ना ८:४४

१३. **हो-होइन भन्दा बढी नबोल्नू:**
हितोपदेश २६:२८, २९:५, १८:२, १५:२
याकूब ५:१२ मत्ती ५:३७ १ थिस्सलोनिकी २:५

१४. **सराप र कुवाक्य मुखबाट ननिकाल्नू:**
एफिसी ४:३१-३२, ५:११-१२ एफिसी ५:३-५
१ पत्रुस ३:९-१० हितोपदेश १३:३, २१:२३

१५. **आफूले बोलेको कूरा नबदल्नू**
भजन सङ्ग्रह १५:४, ६६:१३:३, २१:२३
उपदेशक ५:४-७ व्यवस्था २३:२१

१६. **सम्झौता नगर्नू वा वाचा नबाँध्नू:**
यहोशू ९:१४-२० न्याय २:२ हितोपदेश ६:१-५
व्यवस्था २०: १६, ७:११ प्रस्थान २३:३२

## बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com